नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
............................ शाखा
ललितपुर

फोन: ०१-५५२११६५, ०१-५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ०१-५५५५४७५
ईमेल: daolalitpur5@gmail.com
वेबसाइट: www.daolalitpur.moha.gov.np

लक्ष्मी निवास, ललितपुर

पत्र संख्या :-
चलानी नम्बर :-
प्राप्त पत्र संख्या र मिति :-

## सूचना

हरितालिका तीज हिन्दु महिलाहरुको महान पर्वको रुपमा लिने गरिन्छ । भाद्र शुल्क द्धितीया देखि पञ्चमी सम्म मनाईने हरितालिका तीज यस बर्ष भाद्र १५, १६ र १७ गते परेको छ । यसमा अघिल्लो दिन दर खाने र तिजको दिन व्रत बसी भगवान शिवको आराधना, नाँचगान र मनोरञ्जन गर्दै मनाउने प्रचलन रहेको छ । परिवारका सदस्यहरुको भेटघाट, मनोरञ्जन र गीत मार्फत मनका कुरा व्यक्त गर्ने अवसरको रुपमा तीजलाई लिने गरेको पाइन्छ । पछिल्लो समयमा तीज आउनु भन्दा महिनौं अगाडीबाट तीज मनाउने प्रचलन बढिरहेको पाइएको छ । तीज मनाउने नाममा विभिन्न होटल/पार्टी प्यालेसमा दर खाने, गरगहना र लुगा प्रदर्शन गर्ने जस्ता फजुल खर्च गर्ने साथै विभिन्न साँगीतिक कार्यक्रमका नाममा उत्श्रृङ्खलता प्रदर्शन गराउने जस्ता विकृत गतीविधीहरु गरी तीजको मौलिकता माथि नै आँच आउने क्रियाकलापहरु गरेको पाईन्छ ।

अतः विभिन्न होटल/पार्टी प्यालेस आदीमा दर खाने, गरगहना लुगा प्रदर्शन गर्ने र उत्श्रृङ्खल रुपमा साँस्कृतिक कार्यक्रम आयोजना गर्ने जस्ता विकृत क्रियाकलापहरु नगर्न नगराउन हुन सम्बन्धित सबैमा अनुरोध छ ।

साथै नेपालीको छुट्टै धार्मिक, सामाजिक र मौलिक संस्कृतिकोरुपमा रहेको यस तीज पर्वलाई सुसंस्कृत, मर्यादित र शान्तिपूर्णरुपमा मनाउन सम्वद्ध सबैबाट सहयोग, समन्वय र सुझावको अपेक्षा गरिएको छ । स्थानीय पालिका र स्थानीय सुरक्षा निकाय समेत सँग समन्वय गरी सद्भावपूर्ण रुपमा तीज मनाउनु हुन अनुरोध छ ।

मिति : २०७६/०४/३०

जिल्ला प्रशासन कार्यालय
ललितपुर